annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ५ पुस २०८१ | पोष कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४५ | FRIDAY, DECEMBER 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

अर्थतन्त्रमा कहाँ छ गडबडी ?

बैंक ऋण दिन डराउने, व्यवसायी ऋण माग्नै नजाने

बैंकसँग टन्न पैसा छ। तर, ऋण माग्न व्यवसायी जाँदैनन्। माग्न जानेलाई ढुक्क भएर बैंकले पनि दिन सक्दैनन्। त्यसैकारण अर्थतन्त्र शिथिल छ। सरकार भन्छ- आर्थिक वृद्धिदर ६ प्रतिशत पुऱ्याउँछु। विज्ञ भन्छन्, 'अर्थतन्त्र नै चलायमान नभए सरकारले भनेर मात्रै आर्थिक वृद्धि हुँदैन। त्यसो भए कहाँ छ गडबडी ? अर्थविद् भन्छन्- लगानीको वातावरण भएन। उद्योगी-व्यवसायीको आत्मविश्वास जगाउनुपऱ्यो।'

समाचार पृष्ठ २

ममता थापा | *काठमाडौं*

- को रिपोर्ट



पररा्ष्ट्रमन्त्री राणा दिल्लीमा

काठमाडौं (अन्नपूर्ण): पररा्ष्ट्रमन्त्री डा. आरजु राणा देउवा भारतको नयाँ दिल्ली पुगेकी छन्। उनी युरोपका केही कार्यक्रममा सहभागी भई बुधबार जर्मनीको बर्लिनबाटै नयाँ दिल्लीतर्फ प्रस्थान गरेकी थिइन्।

मन्त्री राणले शुक्रबार नयाँ दिल्लीमा आयोजना हुने नेपाल-भारत आर्थिक सम्मेलनलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ। मन्त्री राणाको सचिवालयका अनुसार त्यसपछि उनले नयाँ दिल्लीमा नियमित स्वास्थ्य परीक्षण गराउनेछिन्। त्यही कारण उनको दिल्ली बसाइँ केही लम्बिने भएको भनिएको छ।

» बाँकी पृष्ठ ६

कर्मचारीका ट्रेड युनियन खारेज गर्न प्रस्ताव

सुरेन्द्र काफ्ले | *काठमाडौं*

निजामती कर्मचारीका दलीय ट्रेड युनियन खारेज गर्नुपर्ने प्रस्ताव सांसदहरूले गरेका छन्। निजामती सेवासम्बन्धी विधेयकको छलफलमा सांसदहरूले कर्मचारीका ट्रेड युनियनहरू खारेज गर्नुपर्ने, कर्मचारीले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने र कुनै पनि व्यक्तिलाई आरक्षण कोटा एकपटक मात्रै उपलब्ध गराउनुपर्ने लगायतका प्रस्ताव गरेका छन्।

प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिमा चलिरहेको विधेयकमाथि छलफलमा सांसदहरूले कर्मचारीलाई कस्नुपर्ने माग राखेका छन्। सांसद अमरेशकुमार सिंहले निजामती कर्मचारीका ट्रेड युनियनहरू खारेज गर्नुपर्ने बताएका छन्। 'कर्मचारी युनियनहरू खारेज गर्नुपर्छ। सरकारको तलब खानेले युनियन बनाउने होइन, यस्तो गर्दा अराजकता हुन्छ,' उनले भने। हुलका हुल कर्मचारी युनियन आएर निर्वाचनमा सहयोग गर्ने भनेर आउने र आफूअनुकूल कानुन निर्माण गर्न लगाउने गरेको पनि उनको आरोप छ। उनले कर्मचारीहरूलाई दरबन्दी रहेको जिल्लामा नगएर काजमा काठमाडौंमा बस्ने व्यवस्था राख्न नहुने बताए। सांसद सोबिता गौतमले सबै राजनीतिक दलहरू कर्मचारीतन्त्रमा दलीय ट्रेड युनियन नराख्ने विषयमा सहमति गर्नुपर्ने प्रस्ताव गरेकी छन्। कर्मचारीतन्त्रमा एकमात्र आधिकारिक ट्रेड युनियन राख्नुपर्नेमा उनको प्रस्तावमा छ।उनले भनिन्, 'दलीय ट्रेड युनियन नराख्ने सवालमा सबै सांसदहरू एकमत हुन आवश्यक छ। कर्मचारी र राजनीतिज्ञको काम फरक छ। राजनीतिज्ञको काम कर्मचारीले गर्ने हो भने अवस्था के हुन्छ।'

कर्मचारीतन्त्रमा राजनीतिक घुसाउँदा समस्या आउने हालको अभ्यासबाट देखिएको उनको तर्क छ। उनले भनिन्, 'कर्मचारीतन्त्रमा राजनीति घुसाउँदा बिगार्छ भन्ने अहिलेसम्मको अभ्यासले देखिसक्यो, एउटा राष्ट्रिय ट्रेड युनियनको व्यवस्था राख्नुपर्छ तर दलीय ट्रेड युनियनलाई प्रश्रय नदिउँ। एउटा साझा ट्रेड युनियन बनाउनुपर्छ।'

» बाँकी पृष्ठ ६

मुस्ताङमा अत्यधिक चिसो, शैक्षिक संस्था धमाधम बन्द

सुन्दरकुमार थकाली | *जोमसोम*

अत्यधिक चिसो बढेसँगै मुस्ताङका शैक्षिक संस्थाहरू धमाधम बन्द हुन थालेका छन्। हिउँदयामको अत्यधिक चिसो र सम्भावित हिमपातको जोखिमले मुस्ताङका शैक्षिक संस्थाहरूले विद्यार्थीलाई दुई महिना लामो हिउँदे बिदा दिन थालेका हुन्।

मुस्ताङका पाँच स्थानीय तहमा ३५ वटा सामुदायिक विद्यालय छन्। यस्तै, संस्थागत, धार्मिक गुम्बा र आम्ची गरी १२ वटा विद्यालय छन्। जिल्लाको लोमान्थाङमा सामुदायिक, संस्थागत र गुम्बा विद्यालय गरी ९ वटा, लोघेकर दामोदरकुण्डमा १० वटा, वारागुङ मुक्ति क्षेत्रमा ५ वटा, घरपझोङमा १० वटा र थासाङ गाउँपालिकामा १३ वटा शैक्षिक संस्था सञ्चालनमा छन्।

हिउँदमा मुस्ताङमा अत्यधिक चिसो हुन्छ। हिमपातको जोखिम हुन्छ। चिसो र हिमपातले यहाँका बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा निकै ठूलो समस्या उत्पन्न हुने गर्छ। चिसोले विद्यार्थीको स्वास्थ्य अवस्था प्रतिकूल हुने भएकाले उपल्लो मुस्ताङका शिक्षण संस्थाहरू कात्तिक अगावै घुम्ती कक्षाका लागि बेंसी झार्ने परम्परा छ।

यस्तै, तल्लो मुस्ताङका शिक्षण संस्थाहरू भने पुस र माघ महिना पूरै बन्द हुन्छन्। अत्यधिक चिसोका कारण विद्यार्थीलाई रुघाखोकी, निमोनिया र अन्य स्वास्थ्य समस्याको जोखिम हुने भएकाले यहाँका विद्यालयले सम्बन्धित स्थानीय तहको शिक्षा शाखाको अनुमतिमा हिउँदे बिदा दिने गरेका छन्। हिउँदयाममा अत्यधिक चिसो र सम्भावित हिमपातले मुस्ताङको जनजीवन प्रभावित हुने गर्छ।

मुस्ताङको वारागुङ मुक्ति क्षेत्र गाउँपालिकाका सामुदायिक विद्यालयहरू पुसको १ गतेदेखि दुई महिनाका लागि बन्द भइसकेका छन्। मुस्ताङको घरपझोङ गाउँपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालय पनि पुसको ४ गतेदेखि दुई महिनाका लागि बन्द भएका छन्। मुस्ताङको तल्लो क्षेत्र थासाङ गाउँपालिकामा पनि पुसको ९ गते चालु शैक्षिक सत्रको त्रैमासिक परीक्षा सम्पन्न गरेर हिउँदे बिदा दिने तयारी गरिएको छ। यसअघि उपल्लो मुस्ताङका सामुदायिक तथा अन्य विद्यालय र वारागुङ मुक्ति क्षेत्रका एक गुम्बा विद्यालयले हिउँदयामको जाडो छल्न कात्तिकमै बेंसी झरिसकेका छन्।

» बाँकी पृष्ठ ६

Birla Education Institution's
ASHOK HALL GIRLS' RESIDENTIAL SCHOOL
P.O. Majkhali, Dist. Almora, Uttarakhand, India – 263 652
Contact: 9690005523, Email: office.ahgrs@ashokhall.org, Website: www.ahgrs.net

ADMISSION OPEN FOR 2025-2026
CLASSES IV - IX & XI

ABOUT US
- Ashok Hall Girls' Residential School, established in June 1993 by Shri B.K. Birla and Smt. Sarala Birla, is a premier girls' boarding institution nestled in the lap of the Himalayas.
- With modern infrastructure and a lush green campus, it caters to students from Class IV to XII, offering an ideal environment for academic and personal development
- A team of dedicated teachers, balanced curricular and co-curricular programme with education methods based on a strong foundation of traditional values integrated with modern teaching methods contribute to crafting well-rounded personalities.

FACILITIES
- **Academic block:** State-of-the-art smart classrooms with interactive boards and modern library with a huge collection of books.
- **Hostel & Dining**: Comfortable hostels with modern amenities and a hygienic dining hall with nutritious meals.
- **Sports & Fitness:** Large playgrounds for Cricket, Football, Golf, Horse Riding and multiple Indoor Outdoor sports facilities along with Gymnasium.
- **Extra curricular activities**: Various clubs and societies for languages, art, music and others.

SALIENT FEATURES
- Sprawling campus spread over 25 acres (Wi-Fi enabled)
- Member of the Indian Public Schools' Conference (IPSC), IAYP (International Award for Young People) and Trinity College, London, for music.
- Labs with Robotics and Artificial Intelligence (AI) hands-on experience.
- 24x7 CCTV surveillance and in-house medical assistance.
- Career counselling and guidance for NEET, JEE and CUET.
- ISO 9001:2015 and 14001: 2015 certified.

MEET US AT
Aloft Hotel, Thamel, Kathmandu
Saturday, December 21st, 2024 TIME: 10 AM TO 4 PM
CONTACT: +91 9639006461,+91 9412977857